apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

लेखरचना, समाचार वा विज्ञापन पठाउदा वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

● वर्ष: १२ ● अंक: १९७ ● पृष्ठ: ४ ● १८ साउन २०८३ सोमबार (03 August 2026. Monday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

## सामान्य बन्दै सिरहा गोलबजारको जनजीवन

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १७ गते**

जिल्ला प्रशासन कार्यालय सिरहाले गोलबजार क्षेत्रमा गत बिहीबार दिउँसो २ बजेदेखि लगाएको कर्फ्यु आइतबार साँझ ७ बजेदेखि हटाएको छ। प्रमुख जिल्ला अधिकारी सुरेन्द्र पौडेलले सूचना जारी गर्दै आइतबार साँझ ७ बजेदेखि कर्फ्यु हटाएको जानकारी दिएका हुन्।

जिल्लाको पछिल्लो सुरक्षा स्थिति विश्लेषणको आधारमा स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६ (क) बमोजिम नगरपालिका क्षेत्रभित्र लगाइएको कर्फ्यु हटाइएको सूचनामा उल्लेख छ।



जिल्ला प्रशासनले गत बिहीबार दिउँसो २ बजेदेखि लगाएको कर्फ्युको तेस्रो दिन शनिबार अपराह्न ३ बजेदेखि दुई घण्टा र आइतबार बिहान १० बजेदेखि राति ७ बजेसम्मका लागि स्थानीय सुरक्षा अवस्थाको विश्लेषण र आमसर्वसाधारणले दैनिक उपभोग्य सामग्री व्यवस्थापन गर्न कर्फ्यु खुकुलो बनाएको थियो।

स्थानीय प्रशासनले गोलबजार क्षेत्रमा कर्फ्यु घोषणा गरेलगत्तै गोलबजार ४ क्याम्पस चोकनजिक भएको प्रदर्शनमा औरही गाउँपालिका-२, तुलसीपुरका करिब १७ वर्षीय गणेश यादवको मृत्यु भएपछि विध्वंसात्मक प्रदर्शन भएको थियो।

प्रदर्शनको क्रममा एबी मलसहित एक दर्जन निजी घर, पसल, २० थान मोटरसाइकल, एउटा टेम्पोमा आगजनी भएको थियो। प्रदर्शनकारीले हानेको ढुंगा लागेर २२ सुरक्षाकर्मी र एक सर्वसाधारण घाइते भएपछि चोक, बजार क्षेत्रमा ठुलो संख्यामा नेपाली सेनासहितका सुरक्षाकर्मी परिचालन गरी सुरक्षा व्यवस्था कडा बनाइएको थियो।

## सुरक्षाकर्मीले भाषा नबुभ्दा सुरक्षा व्यवस्थापनमा कस्तो असर पर्छ ?

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १७ गते**



सुनसरीमा भड्किएको साम्प्रदायिक दङ्गाको असर मधेश प्रदेशका जिल्लाहरूमा फैलियो।

सुनसरीमा दुई जनाको मृत्यु भएपछि सिरहाको गोलबजारमा प्रदर्शन हुँदा प्रहरीको गोली लागेर साउन १४ गते १८ वर्षीय गणेश यादवले ज्यान गुमाए। सिरहाको औरही गाउँपालिका-२ घर भएका गणेश पढ्नका लागि गोलबजार बस्दै आएका थिए। खाना पकाउने ग्यास खोज्न सडकमा निस्किँदा प्रहरीले प्रहार गरेको गोली उनको घाँटीमा लागेको थियो। गृहमन्त्री सुधन गुरुङको उपस्थितिमा सरकार पक्ष र गणेशको परिवारबिच ७ बुँदे सहमति भएसँगै परिवारले शव बुझेका छन्।

साउन १० गते सुनसरीको देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जमा सुरक्षाकर्मीको गोली प्रहारबाट ३० वर्षीय ओमप्रकाश मेहताले ज्यान गुमाएका थिए। शिव मन्दिरमा भेला भएर बोलबमका लागि कोशी

बाँकी पृष्ठ ३ ▶▶

## जनावरबाट सर्ने रोगविरुद्ध सावधानी अपनाऔं

- जनावरसँगको सम्पर्कमा सावधानी अपनाऔं।
- जनावर छोएपछि साबुनपानीले हात सफा गर्ने बानी बसालौं।
- पशुपन्छीको स्वास्थ्यमा नियमित ध्यान दिऔं।
- अस्वस्थ वा मरेका जनावरको सम्पर्कबाट टाढा रहौं।
- पशुजन्य खाद्य पदार्थ राम्ररी पकाएर मात्र खाने गरौं।
- पशुबाट मानिसमा सर्न सक्ने रोगबारे सचेत बनौं।
- जनावरमा असामान्य लक्षण देखिएमा सम्बन्धित निकायलाई जानकारी गराऔं।

**जनावरको स्वास्थ्य, मानव स्वास्थ्यसँग जोडिएकोले सावधानी अपनाऔं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## तराई-मधेशमा ३४ बुँदे सहमति, सरकारको अग्निपरीक्षा अब कार्यान्वयनमा

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन १७ गते**

सुनसरीको कप्तानगञ्जमा भएको विवाद सिरहा र धनुषासम्म फैलिएर तिन जना युवा जना युवाले ज्यान गुमाउँदा पाँचौं दिनमा बल्ल सिंहदरबार ब्युँझियो। सुनसरीदेखि धनुषासम्म तनाव फैलिएपछि प्रधानमन्त्री वालेन्द्र शाहले राष्ट्रिय सुरक्षा परिषद्को बैठक बोलाउनेदेखि देशवासीका नाममा सम्बोधनसम्म गरे।

राष्ट्रपति, उपराष्ट्रपतिसहित मधेश केन्द्रित नेताहरूसँग छलफल गर्नुका साथै तनाव मत्थर पार्न गृहमन्त्री सुधन गुरुङलाई तराई-मधेशमा खटाए। सुरक्षा संयन्त्र परिचालन बाहेक विवाद समाधानको लागि पचौं दिनसम्म सरकार जिम्मेवार ढंगले प्रस्तुत नहुँदा उत्पन्न विवाद हिंसात्मक बन्यो।

प्रधानमन्त्री शाहले बोलाएको छलफलमा सरकारले समयमा आवश्यक पहलकदमी नलिँदा विवाद हिंसात्मक बनेको नेताहरूको धारणा राखेका थिए। घटनाको सुरुवाती चरणमा गृहमन्त्री गुरुङले सुरक्षा निकायका प्रमुखहरूसँग सिंहदरबारमा बैठक गरी सुरक्षा व्यवस्था कडा पार्न



निर्देशन दिएका थिए। त्यसपछि उनले आफ्ना सचिवालयका सदस्यलाई घटनास्थल तर्फ खटाए। तर आन्दोलन थप चर्किएर सिरहा र धनुषासम्म पुग्यो।

विवाद समाधानको लागि पाँचौं दिनमा सक्रियता लिएसँगै तराई मधेशमा खटिएका गृहमन्त्री गुरुङले पछिल्ला ७२ घण्टामा म्याराथन दौडधुप गरे। त्यस क्रममा उनी आफैं प्रभावित क्षेत्र पुगेर पीडित परिवार र आन्दोलनरत पक्षसँग प्रत्यक्ष संवादमा जुटे। पछिल्ला तीन दिनमा विभिन्न पक्षसँग सरकारले कुल ३४ बुँदे सहमति गर्यो।

सहमतिसँगै तराई-मधेशको जनजीवन सामान्यतर्फ फर्किँदै गएको छ। तर, विवादले हिंसात्मक रूप लिइसकेको चौथो दिनसम्म जिम्मेवार नदेखिएको सरकार सहमतिहरू कार्यान्वयनमा कति संवेदनशील भएर लाग्छ भन्ने विषय प्रश्नको घेरामा छ।

गृहमन्त्री गुरुङको पहलमा तीन जिल्लामा तीन पीडित परिवारसँग सात/सात र आन्दोलनरत पक्षसँग

बाँकी पृष्ठ ४ ▶▶

## जनकपुरमा पनि ग्यास अभाव



**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १७ गते**

काठमाडौंमा मात्र नभई मधेश प्रदेशको राजधानी जनकपुरमा पनि खाना पकाउने एलपीजी ग्यासको अभाव हुन थालेको छ।

नगर क्षेत्रभित्रका जुनसुकै डिलर वा पसलमा गए पनि 'ग्यास छैन' भन्दै बिक्रेताहरूले ग्राहक फर्काउन थालेका छन्। डिलरहरूले 'अहिले ग्यास छैन, नाम टिपाएर जानुस्, आएपछि फोन गरौँला' भन्दै ग्राहकलाई फर्काउने गरेका छन्।

सुनसरी घटनाको विरोधमा चर्किएको आन्दोलन साम्प्रदायिक भड्काउतातर्फ उन्मुख भएपछि जिल्ला प्रशासन कार्यालयले गत बिहीबार अपराह्न साढे ३ बजेदेखि कर्फ्यु आदेश जारी गरेको थियो। कर्फ्युका कारण बजार, व्यापार र व्यवसाय पूर्ण रूपमा ठप्प रहे। तर हिजो बिहान १० बजेपछि स्थानीय प्रशासनले कर्फ्यु हटाउँदै चार किल्ला तोकेर निषेधाज्ञा लगाएको छ।

निषेधाज्ञासँगै बजार खुले पनि ग्यास बिक्रेताहरूले ग्यास नभएको बताइरहेका छन्। जनकपुर-१० मा डेरा गरी बस्ने सुशीलादेवी साह ग्यासकै लागि १० भन्दा बढी डिलर र पसल चहार्न बाध्य भइन्, तर आइतबार दिउँसोसम्म उनले ग्यास पाउन सकिनन्। सुशीलादेवी मात्र होइन, अहिले जनकपुरका धेरै उपभोक्ता यही समस्या भोग्न बाध्य छन्।

स्थानीय सञ्जय मिश्रको अवस्था पनि उस्तै छ।

बाँकी पृष्ठ ४ ▶▶






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

# सम्पादकीय...

## मौखिक समझदारी र कार्यान्वयनको आधार

मधेश प्रदेशका विभिन्न जिल्लामा पछिल्ला केही दिनदेखि विकसित तनावपूर्ण अवस्थाका बीच सरकार र हिन्दु सम्राट सेना नेपालबीच भएको १९ बुँदे समझदारीले तत्कालका लागि उत्पन्न द्वन्द्वलाई मत्थर बनाएको छ। आन्दोलनका कार्यक्रम फिर्ता हुनु, वार्तामार्फत समाधान खोज्ने वातावरण बन्नु तथा दुवै पक्षले संवादलाई प्राथमिकता दिनु लोकतान्त्रिक अभ्यासका दृष्टिले सकारात्मक पक्ष हुन् । तर वार्ताको सफलताको वास्तविक मापन भने कागजमा भएको सहमतिले होइन, त्यसको प्रभावकारी कार्यान्वयनले गर्नेछ। सरकारका तर्फबाट गृहमन्त्री सुदन गुरुङले मागहरू अध्ययन गरी आवश्यक प्रक्रिया अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन्। आन्दोलनका क्रममा पक्राउ परेकाहरूको रिहाइ, मुद्दा नचलाउने, गोली प्रहार घटनाको निष्पक्ष छानबिन तथा दोषीमाथि कानुनी कारबाहीजस्ता विषय प्रशासनिक निर्णयका सीमित सवाल होइनन् । ती विषयको कानुनी, नीतिगत र राजनीतिक तहमा निर्णय हुनुपर्छ । त्यसैले मन्त्रीस्तरमा भएको मौखिक वा प्रारम्भिक सहमतिलाई सरकारको संस्थागत निर्णयमा रूपान्तरण गर्नु अपरिहार्य छ।

नेपालको संसदीय व्यवस्थामा कुनैपनि मन्त्रीले व्यक्त गरेको प्रतिबद्धता स्वतः राज्यको अन्तिम निर्णय हुँदैन । त्यसलाई कार्यान्वयनमा लैजान मन्त्रिपरिषद्को औपचारिक स्वीकृति, सम्बन्धित मन्त्रालयहरूको समन्वय तथा आवश्यक परे कानुनी संशोधन वा नीतिगत निर्णय आवश्यक हुन्छ। यदि कुनै माग विद्यमान कानुनसँग बाझिन्छ भने त्यसका लागि संसदमा बहस, आवश्यक विधेयक वा प्रस्तावमार्फत कानुनी आधार तयार गर्नुपर्छ। लोकतान्त्रिक शासन प्रणालीमा यिनै प्रक्रियाले राज्यका निर्णयलाई वैधानिक, पारदर्शी र दिगो बनाउँछन्। नेपालमा विगतमा पनि आन्दोलन अन्त्य गर्न धेरै पटक सहमति र सम्झौताहरू भएका छन्। तर तीमध्ये उल्लेख्य संख्या कार्यान्वयनको चरणमा पुग्न नसक्दा पुनः असन्तुष्टि, अविश्वास र नयाँ आन्दोलन जन्मिएका उदाहरण प्रशस्तै छन्। त्यही भएर सम्झौता गर्नुभन्दा त्यसलाई समयसीमा, कार्ययोजना र जिम्मेवारीसहित कार्यान्वयन गर्नु अझ महत्वपूर्ण हुन्छ। अन्यथा वार्ता तत्कालीन संकट टार्ने माध्यम त बन्न सक्छ, तर स्थायी समाधान दिन सक्दैन।

अब सरकारले सबैभन्दा पहिले समझदारीलाई संस्थागत रूप दिनुपर्छ । मागहरूको अध्ययन गर्न भनिएको समिति समयमै गठन हुनुपर्छ, प्रत्येक बुँदाको कानुनी तथा प्रशासनिक अवस्था स्पष्ट गरिनुपर्छ र कुन विषय कति अवधिमा पूरा गर्न सकिन्छ भन्ने स्पष्ट कार्यतालिका सार्वजनिक गरिनुपर्छ। यसले आन्दोलनकारी पक्षलाई मात्र होइन, आम नागरिकलाई पनि सरकारप्रति विश्वास गर्ने आधार प्रदान गर्नेछ। यसमा संसदको भूमिका पनि उत्तिकै महत्वपूर्ण छ। राष्ट्रिय महत्वका विषयमा दलहरूबीच खुला संवाद हुनुपर्छ। यदि समझदारीका केही बुँदाले कानुनी वा संवैधानिक परिवर्तनको आवश्यकता औँल्याउँछन् भने त्यसबारे संसदमा जिम्मेवार छलफल हुनुपर्छ। लोकतन्त्रमा असहमतिलाई दमनले होइन, बहस, सहमति र कानुनी प्रक्रियाले सम्बोधन गरिन्छ। त्यसैले संसदलाई केवल दर्शक होइन, समाधानको प्रमुख मञ्चका रूपमा सक्रिय बनाइनुपर्छ।

अर्कोतर्फ आन्दोलनकारी पक्षले पनि समझदारीपछि संयम, धैर्य र लोकतान्त्रिक प्रक्रियाप्रति विश्वास कायम राख्नुपर्छ । सरकारले प्रक्रिया अघि बढाउन उचित समय पाउनुपर्छ भने सरकारले पनि त्यसलाई अनिश्चितकालसम्म लम्ब्याउने प्रवृत्ति देखाउनु हुँदैन । दुवै पक्षबीच निरन्तर संवाद कायम रहँदा मात्र सहमतिको वातावरण टिकाउ बन्न सक्छ । राज्यको विश्वसनीयता भनेको सम्झौतामा हस्ताक्षर गरेर स्थापित हुँदैन । त्यो प्रतिबद्धता पूरा गरेर स्थापित हुन्छ । जनताको विश्वास पनि आश्वासनले होइन, परिणामले जितिन्छ । त्यसैले जनकपुरमा भएको १९ बुँदे समझदारीलाई अर्को अधुरो राजनीतिक दस्तावेज बन्न नदिई मन्त्रिपरिषद्को निर्णय, आवश्यक कानुनी प्रक्रिया र संसदको जिम्मेवार भूमिकामार्फत कार्यान्वयनको स्पष्ट मार्गमा अघि बढाउनु आजको प्रमुख आवश्यकता हो । यही बाटोले मात्र तत्कालको तनाव कम गर्ने मात्र होइन, भविष्यमा यस्ता विवादहरूलाई लोकतान्त्रिक संस्थामार्फत समाधान गर्ने संस्कृतिलाई पनि बलियो बनाउनेछ । गृहमन्त्री गुरुङ काठमाडौं फर्किसकेको छ । उनले यस विषयलाई अझैं प्रभावकारी रुपमा समाधान निकाल्ने गरी सक्रियता देखाउनु र परिणाममा पुर्याउनु पर्ने गरी अघि वढ्नुपर्छ।

# सीमाञ्चल नागरिक पीडा र नेपाली कृषिको संरचनागत उपनिवेशीकरण

**उत्पादन बढाउन मल हाल्छौं, त्यसैले वायुमण्डल तताउँछ र पछि निम्तिने बाढी, खडेरी र बेमौसमी वर्षाले पुनः किसानकै सर्वनाश गर्छ। यो एउटा यस्तो आत्मघाती चक्र हो, जसमा सिङ्गो मानव सभ्यता फसिरहेको छ।**



सन्तोष मेहता

“आफ्नै खेतका लागि मल ल्याउँदा चोर र डाँकाजस्तो व्यवहार सहनुपर्ने, नजरबन्दमा पर्नुपर्ने र विदेशी जेलको चिसो भूइँमा रात काट्नुपर्ने यो नियतिले मधेशको माटो कति रोएको छ भन्ने कुरा काठमाडौंको सिंहदरबारले कहिल्यै बुझ्न सकेन।



सर्लाहीको बलरा-५ का सुरेशप्रसाद सिंह र नागेन्द्रप्रसाद सिंह आफ्नो खेतका लागि मल किन्न भारतको सोनबरसा पुगे। मल ल्याउन त सकेनन्, बरु भारतीय सुरक्षाकर्मीबाट पक्राउ परेर जेल पुग्नुपर्‍यो। यो घटना दुई किसानको मात्र होइन, नेपालको कृषि नीतिको गम्भिर विफलताको प्रतीक हो। उनीहरूको एक मात्र ‘अपराध’ थियो - आफ्नो मातृभूमिमा अन्न उत्पादन गर्नका लागि छिमेकी देशको भूमिबाट दुई बोरा मल किन्नु।

यो कुनै सामान्य दैनिक पत्रिकाको सीमावर्ती समाचारजस्तो मात्र लाग्दछ, तर यसको गहिराइमा पस्ने हो भने यो नेपालको कृषि व्यवस्था, राष्ट्रिय अर्थतन्त्र र हाम्रो समग्र विकास-दर्शनको एउटा अत्यन्तै गम्भिर र भयानक संकटको जीवन्त कथा हो। आखिर किन एउटा किसानले आफ्नो खेतमा बाली उब्जाउन आफ्नै गाउँको गोठ, वन-जंगल, पातपतिङ्गर र परम्परागत कम्पोस्टभन्दा रासायनिक कारखानामा बनेको सेतो दानालाई अनिवार्य र अपरिहार्य ठान्न थाल्यो?

**सीमाञ्चलको विशिष्ट पीडा र नागरिक हुर्मत**

तराई-मधेशको सीमावर्ती क्षेत्र, जसलाई हामी सीमाञ्चल भन्दछौं, त्यहाँको जीवन जति सुन्दर छ, त्यति नै जटिल र पीडादायी पनि छ। सीमाञ्चलका बासिन्दाहरूले भोग्ने पीडा दोहोरो छ। एकातिर उनीहरू आफ्नै राज्यको उपेक्षा र प्रशासनिक उदासीनताको सिकार बन्दछन् भने अर्कोतिर सीमा सुरक्षा बल र विदेशी सुरक्षा निकायको निरन्तरको शङ्का, खानतलासी र मानसिक प्रताडना भोग्न बाध्य हुन्छन्। सुरेश र नागेन्द्र सिंहको गिरफ्तारी केवल दुई किसानको कानुनी संकट मात्र होइन, यो त सिङ्गो सीमाञ्चलका नागरिकहरूले दैनिक रूपमा भोग्दै आएको हुर्मत र अपमानको प्रतिनिधि रूप हो।

आफ्नो देशको सरकारले समयमा मल दिन सक्दैन, बीउ दिन सक्दैन र उत्पादित अनाजको उचित मूल्य पनि तोक्न सक्दैन। यस्तो अवस्थामा सीमापारिको बजारसँग निर्भर रहनु सीमाञ्चलका बासिन्दाहरूको रहर होइन, बाध्यता हो। तर यही बाध्यतालाई जब सुरक्षा निकायहरूले ‘तस्करी’ वा ‘अपराध’ को चस्माले हेर्दछन्, तब किसानको नागरिक आत्मसम्मान धुलोमा मिसिन्छ। आफ्नै खेतका लागि मल ल्याउँदा चोर र डाँकाजस्तो व्यवहार सहनुपर्ने, नजरबन्दमा पर्नुपर्ने र विदेशी जेलको चिसो भूइँमा रात काट्नुपर्ने यो नियतिले मधेशको माटो कति रोएको छ भन्ने कुरा काठमाडौंको सिंहदरबारले कहिल्यै बुझ्न सकेन।

**माटोको सनातन संस्कृति भर्सेस रसायनको आधुनिक विस्थापन**

मानव सभ्यताको इतिहासलाई हेर्ने हो भने कृषिको उत्पत्ति प्राकृतिक र रैथाने पद्धतिबाटै भएको हो। हजारौं वर्षसम्म नेपाल, भारत, चीन वा अफ्रिकाका कृषकहरूले कुनै पनि रासायनिक मल वा विषादीको नामसमेत सुनेका थिएनन्। त्यसो हुँदाहुँदै पनि संसारमा महान् सभ्यताहरू उभिए, शक्तिशाली राज्यहरू बने र मानव संस्कृति फस्टायो। नेपालकै सन्दर्भमा पनि परम्परागत कृषि एउटा जीवित र आत्मनिर्भर चक्र थियो। गाउँ नजिकैको जंगलले पातपतिङ्गर दियो, ती पातहरू गोठमा पशुधनको सोत्तर बने, पशुको गोबर र मलमूत्र मिसिएर उत्कृष्ट प्राङ्गारिक मल बन्यो। त्यो मलले माटोलाई अतुलनीय पोषण दियो, माटोले सुनौलो बाली दियो, र त्यो बालीले मानिस र पशु दुवैलाई जीवन दियो। पशुले पुनः गोबर दियो। यसरी प्रकृतिको यो चक्र निरन्तर घुमिरहन्थ्यो, जसलाई आजको भाषामा चक्रीय सहजीवि अर्थतन्त्र भन्न सकिन्छ।

हाम्रा पुर्खाहरूका लागि माटो कुनै निर्जीव पदार्थ वा केवल खन्ने-जोत्ने धूलोको थुप्रो थिएन; त्यो त एक जीवित र दैवी अस्तित्व थियो। त्यसैले त खेत जोत्नुअघि भूमिलाई पूजा गरिन्थ्यो, पहिलो बाली अन्न देवी-देवतामा चढाइन्थ्यो र गाईको गोबरलाई परम पवित्र मानिन्थ्यो। यी सबै केवल अन्धविश्वास वा धार्मिक संस्कार मात्र थिएनन् यी त प्रकृतिप्रति मानव जातिको कृतज्ञता र उत्तरदायित्वका सांस्कृतिक एवं पर्यावरणीय अभिव्यक्तिहरू थिए। तर, जब आधुनिकताको नाममा रसायनको प्रवेश भयो, तब यो जीवित सम्बन्ध एकै झट्कामा चुँडियो र माटो केवल उद्योगको उत्पादन खपत गर्ने निर्जीव माध्यम मात्र बन्न पुग्यो।

**आधुनिक कृषिको महाभ्रम र परनिर्भरताको संस्थागत जन्म**

दोस्रो विश्वयुद्धको अन्त्यसँगै विश्व राजनीति र अर्थतन्त्रमा एउटा नयाँ कृषि दर्शनको उदय भयो, जसलाई पश्चिमा जगतले ‘हरित क्रान्ति’ को नाम दियो। यसको मूल र घोषित उद्देश्य अत्यन्तै लोककल्याणकारी देखिन्थ्यो, विश्वमा तीव्र रूपमा बढिरहेको जनसंख्यालाई भोकमरीबाट बचाउनु र अन्नको उत्पादनमा गुणात्मक वृद्धि गर्नु। यसका तीनवटा मुख्य आधारहरू थिए - प्रयोगशालामा विकसित गरिएका उच्च उत्पादन दिने वर्णशङ्कर बीउ, रासायनिक मल र रासायनिक विषादीहरू। प्रारम्भिक दृष्टिमा यो मोडेल अत्यन्तै सफल सिद्ध भयो र धान तथा गहुँको उत्पादनमा नाटकीय वृद्धि देखियो। धेरै अर्थशास्त्रीहरूले यसलाई महान् उपलब्धि घोषणा गरे। तर, यो उत्सवका बीच एउटा गम्भिर प्रश्न कसैले सोधेन, यो उत्पादनको वृद्धि कसको मूल्यमा भइरहेको छ? आज दशकौंपछि फर्केर हेर्दा उत्तर स्पष्ट देखिन्छ: उत्पादन त बढ्यो, तर माटोको प्राकृतिक आत्मा सधैंका लागि मर्‍यो।

अन्नको परिमाण त बढ्यो, तर त्यसको पोषणतत्व र जैविक विविधता ध्वस्त भयो। कृषि आधुनिक र प्रविधिमैत्री त बन्यो, तर रैथाने किसान बजारको स्थायी दास बन्न पुगे। यस प्रणालीले मानिस र माटोबीचको सम्बन्धलाई चटक्कै काटेर किसान र बजारबीचको एउटा नयाँ, असमान र शोषक सम्बन्ध निर्माण गर्‍यो। अब किसान बहुराष्ट्रिय कम्पनी र बजारमा निर्भर भयो, जहाँ उसको कुनै नियन्त्रण छैन। पहिले किसानले मल आफैं उत्पादन गर्थ्यो, बीउ आफ्नै भकारीमा जोगाउँथ्यो। अब उसले हरेक वर्ष मल र बीउ किन्नका लागि बजारको ढोका ढकढक्याउनु अनिवार्य भयो।

**रासायनिक मलको राजनीति र चेतनाको मानसिक उपनिवेश**

हामीले सामान्यतया युरिया वा डीएपीलाई केवल कृषि सामग्री मात्र सम्झने गल्ती गर्छौं। तर वास्तवमा यी विशाल विश्वव्यापी भू-राजनीति र पेट्रोकेमिकल उद्योगका उत्पादन हुन्। रासायनिक मल उत्पादन गर्नका लागि अत्यधिक मात्रामा प्राकृतिक ग्यास, पेट्रोलियम र खनिज पदार्थको आवश्यकता पर्दछ। यसमा अर्बौं डलरको पुँजी र विश्वका ठूला बहुराष्ट्रिय कम्पनीहरूको एकाधिकार जोडिएको हुन्छ। उत्पादनदेखि ढुवानी, अन्तर्राष्ट्रिय आयात, अनुदान र वितरणसम्म एउटा विशाल र जटिल आर्थिक शृङ्खला सक्रिय हुन्छ। यसको अर्थ यो हो कि एउटा गरिब नेपाली किसानले आफ्नो खेतमा छर्कने एक मुठी मलको पछाडि केवल कृषि विज्ञान छैन; त्यहाँ विश्वव्यापी व्यापार युद्ध, पेट्रोलियम राजनीति र अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको दबाब लुकेको हुन्छ। यहाँ प्रश्न उठ्छ: के किसानले रासायनिक मलको यो घातक बाटो आफैं खुसीसाथ रोजेका हुन्?

इतिहासले भन्छ - यो रोजाइ स्वतन्त्र थिएन। यो त योजनाबद्ध रूपमा थोपरिएको मनोवैज्ञानिक उपनिवेशीकरणको परिणाम हो। सबैभन्दा पहिले पश्चिमा वित्तीय संस्थाहरूको अनुदानमा चलेका विश्वविद्यालयहरूले रैथाने खेतीलाई ‘अवैज्ञानिक’ र ‘पिछडिएको’ घोषणा गरे। सरकारी कृषि प्रसारकहरूले गाउँ-गाउँमा पुगेर भने ‘युरिया नहालेसम्म राम्रो बाली फल्दैन।’

बहुराष्ट्रिय कम्पनीहरूले आकर्षक विज्ञापनमार्फत भ्रम छरे। बजारले सन्देश दियो, जति धेरै रसायन, उति धेरै नाफा। परिणामस्वरुप, किसानले आफ्ना पुर्खाहरूको हजारौं वर्षको जीवन्त अनुभव र माटोको भाषालाई चटक्कै बिर्सेर बाहिरबाट आएको आयातित ज्ञानलाई नै परम सत्य मान्न थाले। यो मानसिकताको कब्जा नै आधुनिक युगको सबैभन्दा ठूलो दासता हो, जहाँ मानिसको भूमि होइन, पहिले उसको चेतना र सोच कब्जा गरिन्छ। आज किसानले गोबरलाई ‘गन्हाउने फोहोर’ र रासायनिक मलको सेतो दानालाई ‘पवित्र अमृत’ ठान्नु यसै मानसिक उपनिवेशको पराकाष्ठा हो।

**रासायनिक मलको अदृश्य विष र माटोको मरुभूमीकरण**

कृषि विज्ञानको आधारभूत सिद्धान्तले भन्छ, रासायनिक मलले बिरुवालाई क्षणिक रूपमा खाना दिन्छ, तर माटोलाई कहिल्यै जीवन दिँदैन। यसको विपरीत, प्राङ्गारिक मलले माटोलाई जीवन दिन्छ र त्यो जीवित माटोले

बाँकी पृष्ठ ३ ▶▶

## आजको राशिफल

**मेष :** आज तपाईंको आत्मविश्वास बढ्नेछ। लामो समयदेखि रोकिएका काम अगाडि बढ्ने सम्भावना छ।

**बृष :** आजको दिन आर्थिक दृष्टिले सकारात्मक रहने सम्भावना छ। व्यापार विस्तार गर्ने योजना सफल हुन सक्छ।

**मिथुन :** आज तपाईंको बोली र व्यवहारले अरूको मन जित्न सक्नेछ। नयाँ साथी बन्ने सम्भावना छ

**कर्कट :** आज परिवारलाई समय दिनु आवश्यक देखिन्छ। घरायसी जिम्मेवारी बढ्न सक्छ।

**सिंह :** आज नेतृत्व क्षमता देखाउने अवसर प्राप्त हुनेछ। समाजमा सम्मान बढ्ने सम्भावना छ।

**कन्या :** मेहनतको उचित प्रतिफल प्राप्त हुने दिन हो। अध्ययन, अनुसन्धान तथा लेखन क्षेत्रमा सफलता मिल्न सक्छ।

**तुला :** आज सन्तुलित निर्णयले ठूलो सफलता दिलाउन सक्छ। दाम्पत्य सम्बन्ध अझ मजबुत बन्नेछ।

**वृश्चिक :** आज धैर्य नै सफलताको मुख्य आधार बन्नेछ। हतारमा कुनै निर्णय नगर्नुहोस्।

**धनु :** आज नयाँ अवसर प्राप्त हुने दिन हो। विदेश, शिक्षा, प्रतियोगिता तथा सरकारी क्षेत्रमा राम्रो समाचार आउन सक्छ।

**मकर :** आज जिम्मेवारी बढ्नेछ तर त्यसलाई सफलतापूर्वक पूरा गर्न सक्नुहुनेछ। वरिष्ठको प्रशंसा प्राप्त हुनेछ।

**कुम्भ :** आज सामाजिक तथा धार्मिक कार्यमा सहभागिता बढ्न सक्छ। नयाँ ज्ञान सिक्ने अवसर मिल्नेछ।

**मीन :** आज धैर्य र विवेकका साथ अघि बढे राम्रो सफलता प्राप्त हुनेछ। आर्थिक निर्णय सोचविचार गरेर गर्नुहोस्।



**राशिफल जे जस्तो भएपनि तपाईंको दिन शुभ रहोस्।**

**ज्योतिष डा. बिबेक पाण्डेय**

जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# धनुषा नाकाबाट नेपाल प्रवेश गर्न अब परिचयपत्र अनिवार्य, निषेधाज्ञा हट्ने

**अपन दैनिक संवाददाता**
**जनकपुरधाम, साउन १७ गते**

धनुषासँग जोडिएका सीमा नाकाबाट नेपाल प्रवेश गर्ने सबै व्यक्तिका लागि अब परिचयपत्र अनिवार्य गरिएको छ।

आइतबार बसेको जिल्ला सुरक्षा समितिको बैठकले सीमा नाकाबाट प्रवेश गर्ने सबै व्यक्तिको पहिचान खुल्ने परिचयपत्रका आधारमा सुरक्षा निकायले अभिलेख राख्दै प्रवेश गराउने निर्णय गरेको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।




यस्तै, धनुषामा जारी निषेधाज्ञा सोमबार बिहान ५ बजेदेखि हटाइने भएको छ। सरकार र आन्दोलनरत हिन्दुवादी संघ-संस्थाबीच सहमति भएपछि आन्दोलनका कार्यक्रम फिर्ता लिने प्रतिबद्धता जनाइएकाले निषेधाज्ञा हटाउने निर्णय गरिएको प्रशासनले जनाएको छ।

सुनसरीको कप्तानगञ्जमा भएको घटनापछि मधेश प्रदेशका विभिन्न जिल्लामा आन्दोलन चर्किंदा सुरक्षा अवस्था तनावपूर्ण बनेको थियो।

## सुरक्षाकर्मीले भाषा नबुझ्दा सुरक्षा व्यवस्थापनमा ............

ब्यारेजमा जल लिन जान खोज्दा हिन्दू र मुस्लिम समुदायबिच भएको विवाद कोशी प्रदेशबाट मधेसका जिल्लाहरूमा फैलियो । कप्तानगञ्जमा घाइते भएका जयप्रकाश मेहताको उपचारका क्रममा निधन भयो।

तराई-मधेशका स्थानीयहरू मैथिली, भोजपुरी, अवधी, बज्जिका, थारू र हिन्दी भाषा बोल्छन्। सुरक्षाकर्मीले ती भाषा नबुझ्दा स्थानीयलाई 'काउन्सेलिङ' गर्न नसकेको र हिंसा भड्किएको भन्दै बहस शुरू भएको छ। साउन १५ गते जनमत पार्टीका अध्यक्ष सिके राउतले प्रधानमन्त्री बालेन्द्र शाहसँगको छलफलमा सेना वा प्रहरीमा स्थानीय भाषा बुझ्ने जनशक्ति नहुँदा संवादको साटो बल प्रयोगको अवस्था आउन सक्ने उल्लेख गरे । मधेशमा हिंसा भड्किएपछि प्रधानमन्त्रीले डाकेको छलफलमा राउतले भनेका थिए, 'त्यसैले समावेशिताको ठुलो महत्त्व छ, प्रदेश प्रहरीको व्यवस्था गर्न ढिला हुँदा यस्तो समस्या बल्झिएको हो।'

तराई-मधेशमा मात्र होइन, सुदूरपश्चिम र कर्णाली प्रदेशका बासिन्दाले पनि आफ्नै स्थानीय भाषा बोल्छन् । सुदूरपश्चिममा डोटेली, जुम्लामा खस भाषा र सुदूरपश्चिमका केही जिल्लाका स्थानीयले खस भाषा प्रयोग गर्छन्। तर, सबै सुरक्षाकर्मीलाई स्थानीय भाषाको ज्ञान हुँदैन। सम्पर्क भाषा र सरकारी कामकाजको भाषा नेपाली प्रयोग गरिँदा भिड नियन्त्रणमा भाषा ज्ञानको अभावले कस्तो असर पार्छ भन्ने विषयमा प्रश्न उठेको छ।

नागरिकको सुरक्षामा परिचालित हुने सुरक्षाकर्मीले स्थानीय भाषा जानेको अवस्थामा 'राम्रो हुने' सुरक्षा मामिलासम्बन्धी जानकार डा। इन्द्र अधिकारी बताउँछिन्। उनले भनिन्, 'स्थानीय भाषाको ज्ञान हुँदा कन्भिन्स गर्न जति सजिलो हुन्छ, बल्लबल्ल बुझ्ने भाषामार्फत कन्भिन्स गर्दा अलि फरक पर्छ।'

भाषा जान्दा 'अपनत्व' चाहिँ महसुस हुने डा । अधिकारीले बताइन् । तर, भाषा बुझ्न नसकेकै कारण गोली चलेको भन्ने कुरा 'कपोलकल्पित' भएको डा । अधिकारीको भनाइ छ । अहिले देखिएको विवाद तराई-मधेशमा पहिले पनि देखिने गरेको विषयमा सुरक्षा निकाय जानकार रहेको उल्लेख गर्दै डा । अधिकारीले भनिन्, 'सुनसरीमा पनि कुनै बेला विस्फोट हुन्छ भन्ने कुरा सुरक्षा निकायलाई थाहा थियो।' तराई-मधेशमा बलियो समुदायले कमजोरलाई आक्रमण गर्ने र त्यसमा स्वार्थ समूहले 'हामी छौँ' भन्ने गरेको सत्य भएको डा । अधिकारीले बताइन्।

उनले भनिन्, 'स्थानीय भाषा जानेको अवस्थामा सहज हुन सक्थ्यो, तर भाषा नै नबुझेका कारण दमन भएको भने होइन।'

भाषाको समस्यासँगै राउतले प्रहरीलाई दङ्गा नियन्त्रणबारे री-ट्रेनिङ (पुनर्तालिम) दिनुपर्ने तर्क गरेका छन् । अहिले हिन्दू र मुस्लिम समुदायबिच हिंसा भड्किएका जिल्लाहरूमा यसअघि पनि विवाद हुने गरेको थियो। सुनसरी, मोरङ, सप्तरी, रौतहट, पर्सा, कपिलवस्तु, नवलपरासी (पश्चिम), सर्लाही र बाँकेमा यसअघि पनि यस्ता घटना हुने गरेका थिए। तर, प्रहरीलाई त्यस्ता दङ्गा नियन्त्रणमा खटाउँदा सामान्य भिड नियन्त्रणबाहेक दङ्गा नियन्त्रण गर्ने विशेष तालिम भने दिइएको छैन।

मधेश प्रदेशमा लामो समय काम गरेका पूर्व प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) चक्रबहादुर सिंह दङ्गा नियन्त्रणमा सुझबुझ प्रयोग गर्नुपर्ने बताउँछन्। तराईमा कार्यरत प्रहरी कर्मचारीमध्ये जवान र हवल्दार ठुलो सङ्ख्यामा रहेको उल्लेख गर्दै उनले भने, 'भिड नियन्त्रण गर्दा सुझबुझको कुरा आउँछ, स्थानीय भाषाले खासै महत्त्व राख्दैन।'

### तल्लो दर्जालाई घरपायक सरुवा

तराई-मधेशका प्रहरी चौकीहरूमा स्थानीयहरूले मधेसभन्दा बाहिरका इन्चार्ज खोज्ने गर्छन्। स्थानीयले धेरै 'पेल्ने' हुनाले मधेसका स्थानीयले बाहिरका इन्चार्ज खोज्ने गरेको पूर्व एसएसपी सिंहले बताए। उनले भने, 'तराईले तराईकालाई पेल्ने संस्कार छ।'

प्रहरीले कर्मचारी सरुवा गर्दा आफ्नै प्रदेशभित्र प्राथमिकता दिने गरेको छ। जुनियर तहका प्रहरीलाई आफ्नै प्रदेशमा सरुवाको अवसर दिइने गरिएको प्रहरी प्रधान कार्यालयका एक जना अधिकृतले बताए । ती अधिकृतले भने, 'नागरिकता जारी भएको जिल्लामा भने नपठाउने कार्यविधि छ, त्यसबाहेक घरपायक पर्ने जिल्लामा जान सहजीकरण गर्ने गरिएको छ।'

प्रहरीको सरुवा कार्यविधिअनुसार श्रीमान् र श्रीमती दुवै प्रहरीमा भएमा सम्भव भएसम्म एउटै जिल्ला र एउटै युनिटमा सरुवा गरिन्छ । ती अधिकृत भन्छन्, 'दम्पत्तिलाई सकेसम्म एउटै युनिटमा पठाउँछौँ।' इन्स्पेक्टर र सोभन्दा माथिका अधिकृतलाई इन्चार्जका रूपमा खटाउँदा भने यो कार्यविधि लागू हुँदैन। प्रहरी प्रधान कार्यालयका एक जना उच्च अधिकृत भन्छन्, 'इन्चार्ज पठाउँदा चाहिँ घरपायक लागू हुँदैन।'




## सीमाञ्चल नागरिक पीडा र नेपाली कृषिको ............

बिरुवालाई दीर्घकालीन पोषण प्रदान गर्दछ। रासायनिक मलको सबैभन्दा ठूलो भ्रम यसको तत्काल देखिने दृश्य प्रभाव हो। खेतमा युरिया हाल्नेबित्तिकै बिरुवा गाढा हरियो देखिन्छ र ह्वात्तै बढ्छ। किसान खुसी हुन्छ। तर त्यो हरियालीभित्र माटोको आन्द्राभुँडी कति क्षयीकृत भइरहेको छ भन्ने कुरा सामान्य आँखाले देखिँदैन।

आधुनिक माटो विज्ञानअनुसार, एक चम्चा स्वस्थ माटोमा संसारको कुल जनसंख्याभन्दा बढी अर्थात् अर्बौं सूक्ष्मजीवहरू हुन्छन्। त्यहाँ ब्याक्टेरिया, ढुसी र गँड्यौला जस्ता अनगिन्ती जीवहरूको एउटा जटिल र सुन्दर संसार क्रियाशील हुन्छ। यिनीहरूले नै जैविक पदार्थलाई कुहाउने, वायुमण्डलको नाइट्रोजनलाई माटोमा स्थिरीकरण गर्ने र बिरुवाको जरालाई रोगबाट बचाउने काम गर्छन्। जब हामी खेतमा अत्यधिक रासायनिक मल र विषादी खन्याउँछौं, तब माटोको प्राकृतिक सन्तुलन तीव्र रूपमा परिवर्तन हुन्छ। यसले माटोभित्रको यो जीवित संसारलाई सधैंका लागि सखाप पारिदिन्छ।

हाम्रा हजुरबुबाहरू खेतको माटो हातमा लिएर गँड्यौलाको संख्या हेरेर माटोको स्वास्थ्य जाँच्ने गर्थे। आज हाम्रा खेतहरूबाट गँड्यौलाहरू पूर्ण रूपमा गायब भइसकेका छन्। गँड्यौला हराउनु भनेको प्रकृतिको निःशुल्क हलो जोत्ने मजदुर हराउनु हो। रासायनिक मलको निरन्तर प्रयोगले माटो कडा, ढिस्को पर्ने र चिरा पर्ने हुन्छ। यसको पानी सोस्ने र समात्ने क्षमता नष्ट हुन्छ। रसायनको लतमा फसेको माटोको हतप्रभ अवस्था ठीक त्यस्तै हो, जस्तो कुनै मानिसले आफ्नो प्राकृतिक रोग प्रतिरोधात्मक क्षमता गुमाएर सधैं कडा औषधिको भरमा मात्र बाँच्नु।

### पर्यावरणीय विनाश र सार्वजनिक स्वास्थ्यमाथि प्रहार

रासायनिक मलको घातक असर केवल खेतको आलीभित्र मात्र सीमित रहँदैन। वर्षायाममा जब खेतमा पानी भरिन्छ, तब यो रासायनिक मल बगेर स्थानीय खोल्सा, नदी, ताल र सिमसार क्षेत्रमा पुग्छ। पानीमा नाइट्रोजन र फस्फोरसको मात्रा अत्यधिक बढेपछि त्यहाँ जलकुम्भी र लेउहरूको अस्वाभाविक वृद्धि हुन्छ। यसले पानीको सम्पूर्ण अक्सिजन सोसिदिन्छ, जसका कारण माछा र अन्य जलचर जीवहरू निसास्सिएर मर्छन् र नदीको प्राकृतिक चक्र ध्वस्त हुन्छ।

त्यति मात्र होइन, रासायनिक मलमा पाइने हानिकारक तत्वहरू सजिलै माटोबाट चुहिएर भूमिगत पानीको स्रोतसम्म पुग्दछन् । तराई-मधेशका जिल्लाहरूमा इनार र ट्युबवेलको पानीमा हानिकारक रासायनिक तत्वहरू खतरनाक स्तरमा भेटिनु यसैको प्रमाण हो। यस्तो प्रदूषित पानी पिउनाले नवजात शिशुहरूमा गम्भिर रोग लाग्दछ भने वयस्कहरूमा क्यान्सर र पेटको दीर्घकालीन रोगको जोखिम बढ्छ।

अर्कोतर्फ, जलवायु परिवर्तनको दृष्टिकोणबाट हेर्दा, रासायनिक मलबाट उत्सर्जन हुने ग्यास कार्बन डाइअक्साइडभन्दा करिब ३०० गुणा बढी शक्तिशाली हरितगृह ग्यास हो। हामी जुन उत्पादन बढाउन मल हाल्छौं, त्यसैले वायुमण्डल तताउँछ र पछि निम्तिने बाढी, खडेरी र बेमौसमी वर्षाले पुनः किसानकै सर्वनाश गर्छ। यो एउटा यस्तो आत्मघाती चक्र हो, जसमा सिङ्गो मानव सभ्यता फसिरहेको छ।

### खाद्य सुरक्षा कि खाद्य सार्वभौमिकता ?

नेपालको नीतिगत विरोधाभास अन्तर्राष्ट्रिय मञ्चहरूमा विकासका दुईवटा परिभाषाहरू समानान्तर रूपमा बहस गरिएका छन्। पहिलो हो - खाद्य सुरक्षा, जसले भन्छ कि जुनसुकै उपाय वा स्रोतबाट भए पनि मानिसको पेट भर्नका लागि अन्न उपलब्ध हुनुपर्छ, चाहे त्यो विदेशी बजारबाट आयात गरिएको गुणस्तरहीन खाद्यान्न नै किन नहोस्। दोस्रो र बढी क्रान्तिकारी अवधारणा हो - खाद्य सार्वभौमिकता। यसले जोड दिन्छ कि कुनै पनि मुलुक वा समुदायलाई आफ्नो कृषि नीति आफैं निर्धारण गर्ने, आफ्नै रैथाने बीउ जोगाउने, र आफ्नो उत्पादन प्रणालीमाथि पूर्ण राष्ट्रिय नियन्त्रण राख्ने सार्वभौम अधिकार हुनुपर्छ।

नेपालको सन्दर्भमा विगतका दशकहरूमा अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूको दबाबमा लागू गरिएका खुला बजार नीतिहरूले नेपाली कृषिको आत्मनिर्भरताको कम्मर नै भाँचिदियो। अनुदानहरू कटौती गरिए, स्थानीय अनुसन्धान ठप्प पारियो र विदेशी बहुराष्ट्रिय कम्पनीका वर्णसङ्कर बीउ र रासायनिक मलका लागि बजार खुला गरियो। परिणामस्वरुप, आज नेपाल पूर्ण रूपमा आयातमुखी अर्थतन्त्रमा परिणत भएको छ। नेपालमा हिमाल, पहाड र तराईको अतुलनीय जैविक विविधता छ, पर्याप्त वन क्षेत्र छ, र करोडौं पशुधन छन्। हामीसँग देशभित्रै करोडौं टन उच्च गुणस्तरको प्राङ्गारिक मल बनाउने कच्चा पदार्थ र जनशक्ति उपलब्ध छ। तर विडम्बना, हाम्रा नीतिहरू यसरी बुनिएका छन् कि हामी देशभित्रको प्राकृतिक स्रोतलाई कुहाएर बाहिरबाट रासायनिक विष आयात गर्न अर्बौंको विदेशी मुद्रा खर्च गरिरहेका छौं।

### जैविक पुनर्जागरणः राष्ट्रिय स्वाधीनता र स्वतन्त्रताको नयाँ मार्गचित्र

अब नेपालले यो संकटबाट मुक्ति पाउने हो भने केवल रासायनिक मलको वितरण प्रणाली सुधारेर मात्र केही हुनेवाला छैन। हामीले कृषिको समग्र दर्शन र चिन्तनको धरातल नै बदल्नुपर्छ। जैविक कृषि भनेको केवल 'मल नहाली गरिने खेती' को संकुचित रूप होइन; यो त बजारको साङ्लोबाट किसानलाई मुक्त गराउने एउटा आर्थिक र राजनीतिक स्वतन्त्रताको आन्दोलन हो। नेपाललाई आत्मनिर्भर बनाउनका लागि निम्न कदमहरू तत्काल चाल्नु अपरिहार्य भइसकेको छ।

**क) अनुदानको पुनर्संरचनाः** सरकारले हरेक वर्ष रासायनिक मल आयात गर्न दिने अर्बौं रुपैयाँको अनुदानलाई बिस्तारै कटौती गर्दै त्यसलाई स्थानीय स्तरमा कम्पोस्ट मल, गँड्यौला मल र हरियो मल उत्पादन गर्ने किसान र सहकारीहरूलाई सोझै वितरण गर्ने नीति लिनुपर्छ।

**ख) पालिका स्तरमा वृहत कम्पोस्ट केन्द्रः** देशका प्रत्येक स्थानीय तह (पालिका) मा आधुनिक प्रविधिसहितका वृहत प्राङ्गारिक मल कारखाना स्थापना गरिनुपर्छ, जहाँ सहरको कुहिने फोहोर, वनको पातपतिङ्गर र कृषि अवशेषहरूलाई प्रशोधन गरेर उच्च गुणस्तरको मल उत्पादन गर्न सकियोस्।

**ग) पशुपालन र खेतीको पुनर्मिलनः** आधुनिक कृषिले पशुपालन र खेतीलाई अलग गरिदिएको छ। हामीले ग्रामीण अर्थतन्त्रमा कृषि र पशुपालनलाई पुनः एकीकृत गर्नुपर्छ, जसले गर्दा प्रत्येक खेतले आफ्नै गोठबाट आवश्यक पोषक तत्व प्राप्त गर्न सकोस्।

**घ) शिक्षा र अनुसन्धानमा अग्रगामी परिवर्तनः** हाम्रा कृषि विश्वविद्यालय र अनुसन्धान केन्द्रहरूले पश्चिमा देशहरूको अन्धो नक्कल गर्न छाडेर नेपालको माटो सुहाउँदो जैविक माटो विज्ञान र रैथाने बीउको विकासमा आफ्नो सम्पूर्ण शक्ति केन्द्रित गर्नुपर्छ।

सर्लाहीका सिंह दाजुभाइ भारतीय जेलको छिँडीमा थुनिनु केवल दोहोरो सीमाको कानुनी फन्दा मात्र होइन। यो त नेपालको सार्वभौमिकता, हाम्रो कृषि नीति र हाम्रा शासकहरूको चेतना नै विदेशी बजार र नीतिको खोरभित्र कैद भएको लज्जास्पद प्रतीक हो। जबसम्म हामी रासायनिक मललाई आधुनिकता र कृषि विकासको एकमात्र पर्यायवाची मानिरहन्छौं, तबसम्म हरेक वर्ष धान रोप्ने बेलामा मलको हाहाकार भइरहनेछ र हाम्रा सीमाञ्चलका किसानहरू आफ्नै माटोका लागि सीमानामा अपमानित भइरहनेछन्।

माटोले हामीसँग रसायन होइन, प्रेम र प्राकृतिक पोषण मागिरहेको छ। सिंह दाजुभाइको पीडादायी नियतिले सिङ्गो देशलाई एउटा गम्भिर प्रश्न सोधिरहेको छ, के हामी सधैं बजारको यो अदृश्य साङ्लोमा बाँधिएर परनिर्भर रहिरहने कि आफ्नै माटोको जैविक पुनर्जागरण गरेर पूर्ण खाद्य सार्वभौमिकता र स्वाधीनताको नयाँ युगको सुरुवात गर्ने ? चेतनाको परिवर्तन र मधेशको माटोप्रतिको साँचो निष्ठा नै यस संकटको एकमात्र ऐतिहासिक र दीर्घकालीन समाधान हो।

सिरहा बहिरा संघ सिरहा
सिरहा नगरपालिका-९, सिरहा
मधेश प्रदेश (नेपाल)

औषधि बोलपत्र सम्बन्धी सूचना ।

सिरहा बहिरा संघ सिरहाद्धारा संचालित कान उपचार केन्द्रहरुको लागि आर्थिक वर्ष २०८३/०८४ को लागि आवश्यक विभिन्न प्रकारका कान संग सम्बन्धित प्रयोग हुने औषधिहरु खरिद गनुपर्ने भएकोले इच्छुक आपूर्तिकर्ताहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र संघको कार्यालयमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ।

सिरहा बहिरा संघ सिरहा



माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४

यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्ध, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बल्शाहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ।

# डिजेल र पेट्रोलको भाउ बराबर, १५ दिनमा झण्डै डेढ अर्ब घाटा हुने निगमको दाबी

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १७ गते**



नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्य समायोजन गर्दा पनि १५ दिनमै झण्डै डेढ अर्ब रुपैयाँ घाटा हुने दाबी गरेको छ। निगम सञ्चालक समितिको निर्णयअनुसार सोमबार बिहानदेखि लागू हुने गरी भएको नयाँ मूल्य समायोजनसँगै काठमाडौँ उपत्यकासहितका मुख्य सहरहरूमा पेट्रोल र डिजेलको भाउ बराबर अर्थात् प्रतिलिटर २०० रुपैयाँ पुगेको छ।

अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य बढेर आएको भन्दै निगमले पेट्रोलमा प्रतिलिटर ३ रुपैयाँ र डिजेल तथा मट्टितेलमा ५ रुपैयाँ वृद्धि गरेको हो। यसअघि तेस्रो वर्गअन्तर्गतका क्षेत्रहरू काठमाडौँ, पोखरा र दिपायलमा पेट्रोलको मूल्य १९७ र डिजेलको १९५ रुपैयाँ रहेकोमा अब दुवैको मूल्य समान २०० रुपैयाँ कायम भएको छ। त्यस्तै पहिलो र दोस्रो वर्गका क्षेत्रहरूमा पनि सोही अनुपातमा मूल्य वृद्धि गरिएको छ।

निगमले हवाई इन्धन (आन्तरिकतर्फ) मा भने भारी वृद्धि गरेको छ। प्रतिलिटर २० रुपैयाँले बढेर आन्तरिक हवाई इन्धनको मूल्य अब २४९ रुपैयाँ पुगेको छ। अन्तर्राष्ट्रियतर्फको हवाई इन्धनमा काठमाडौँका लागि प्रति किलोलिटर १३१ अमेरिकी डलर बढाइएको छ भने पोखरा र भैरहवाको हकमा नाफा नोक्सानरहितमा बिक्री गर्ने निर्णय भएको छ। खाना पकाउने एलपी ग्यासको मूल्य भने प्रति सिलिन्डर २०६० रुपैयाँ यथावत राखिएको छ।

भारतीय आयल कर्पोरेसन (आईओसी) बाट साउन १५ गते प्राप्त नयाँ खरिद मूल्यअनुसार पेट्रोलमा प्रतिलिटर २०.१९ रुपैयाँ र डिजेलमा ३९.६७ रुपैयाँ बढेर आएको भए पनि उपभोक्ताको हितलाई ध्यानमा राखेर न्यून दरमा मात्र मूल्य बढाइएको निगमको दाबी छ।

यसरी मूल्य वृद्धि गर्दा समेत निगमलाई पाक्षिक रूपमा (१५ दिनमा) करिब १ अर्ब ४९ करोड रुपैयाँ घाटा हुने देखिएको निगमको भनाइ छ। अन्तर्राष्ट्रिय बजारमा भएको आकस्मिक र निरन्तरको मूल्यवृद्धिका कारण निगम चरम आर्थिक दबाबमा परेको भन्दै सबै उपभोक्ता र सरोकारवालालाई इन्धनको प्रयोगमा मितव्ययिता अपनाउन निगमले विशेष अनुरोध समेत गरेको छ।






## जनकपुरमा पनि ग्यास ...............

खाना पकाउँदा पकाउँदै ग्यास सकिएपछि उनी ५-७ ठाउँमा पुगे, तर कतैतिर पाइनन्। गुनासो गर्दै उनले भने, 'प्रशासनले दुई दिन कर्फ्यु लगायो, त्यो बेला कुनै पसल र व्यापार व्यवसाय खुलेनन्। अनि कसरी मौज्दात सामान बिक्री नै नभई सकियो ? आन्दोलनअघिसम्म त बजारमा ग्यासको अभाव थिएन। व्यापारीहरूले कृत्रिम अभाव सिर्जना गर्न खोजेका हुन्।'

जनकपुरका रामानन्द चोक, पिडारी चोक, थापा चोक, भानु चोक, मुरली चोक र पेठिया बजारलगायत ठाउँमा ग्यास नपाएको सर्वसाधारणले बताएका छन्। कतिपय डिलर बन्द छन् भने खुलेका डिलरले पनि पछि पाइने आश मात्र दिएका छन्। यतिबेला सर्वसाधारण खाली सिलिन्डर बोकेर डिलर डिलर चहार्न बाध्य छन् भने कतिपय डिलर अगाडि ग्यास उपलब्ध गराइदिन हारगुहार गरिरहेका भेटिन्छन्।

'ग्यासको कृत्रिम अभाव सिर्जना गरेर कालोबजारी गर्न खोजिए जस्तो छ। खै त प्रशासन र सरकार ? बजार अनुगमन गर्नुपर्दैन ? जनकपुर-८ मा चिया पसल सञ्चालन गर्दै आएकी सुनिता कोइरीले भनिन्, 'सानो पसल छ, सिलिन्डर पनि एउटै मात्र छ। ग्यास सकियो, लिन जाँदा छैन भन्दै फर्काइदिन्छन्।'

बजारमा ग्यास नपाएपछि उपभोक्ता चरम मारमा परेका छन्। खासगरी डेरा गरी बस्ने विद्यार्थी, नर्स तथा ज्यालादारी मजदुरहरू बढी प्रभावित भएका छन्। नाम उल्लेख नगर्ने सर्तमा एक ग्यास बिक्रेताले भने, 'आन्दोलन र प्रदर्शनअघिसम्म ग्यासको हाहाकार थिएन। अहिले एकाएक कसरी अभाव भयो, मैले पनि बुझ्न सकेको छैन।'

# रास्वपाका कार्यकर्ता हिन्दु अभियन्ता हुन पाउँछन्: मनीष झा

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १७ गते**



राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का नेता तथा सांसद मनीष झाले राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ताहरू हिन्दु अभियन्ता हुन पाउने बताएका छन्। आइतवार जनकपुरमा पत्रकारहरूसँग कुराकानीका क्रममा उनले हिन्दु सम्राट सेनामा रास्वपाका कार्यकर्ता पनि भएको स्विकार्दै यस्तो बताएका हुन्। हिन्दु सम्राट सेनाका तर्फबाट सरकारसँग भएको वार्तामा सहभागीमध्ये एकजना रास्वपाका सदस्य रहेका थिए।

उक्त विषय सार्वजनिक भएपछि रास्वपाको आलोचना भएको थियो। सांसद झाले यस विषयलाई लिएर अतिरञ्जित गर्न आवश्यक नरहेको बताए। पार्टीको सदस्य र धार्मिक आस्थाका आधारमा अभियानमा सहभागी हुनु दुवै व्यक्तिगत स्वतन्त्रताको विषय भएको उनको भनाइ छ। उनले वार्तामा सहभागी भएकै आधारमा विवाद सिर्जना गर्नु अनुचित भएको टिप्पणी गरे।

उनले रास्वपाका पार्टी सदस्य भएको कारणले नै आन्दोलनलाई हिंसात्मक बाटोमा नभई वार्तामार्फत समाधान खोज्न सफल भएको दाबी गरे। हिन्दु सम्राट सेनाका सम्भावित र उचित मागमाथि थप छलफल गरेर सरकार अघि बढ्ने उनको भनाइ छ। उनका अनुसार हिन्दु सम्राट सेनाका प्रतिनिधिसँग सरकारले साढे नौ घण्टा वार्ता गरेको थियो।

आन्दोलनकारीका माग सवैधानिक, व्यावहारिक र सामाजिक दृष्टिले सम्भव हुने गरी परिमार्जन गर्न लामो समय छलफल गरिएको उनको दाबी छ। वार्तामा गृह मन्त्रालय, मधेश प्रदेश सरकार, जनकपुरधाम उपमहानगरपालिका तथा स्थानीय जनप्रतिनिधिहरू सहभागी थिए। आन्दोलनकारीले राखेका मागमध्ये कार्यान्वयनयोग्य र उचित विषयलाई मात्र अघि बढाउन सहमति जुटाउने प्रयास गरिएको सांसद झाले बताए।

झाले भने, '१५ जनामध्ये एकजना रास्वपा सदस्य हुनुहुन्थ्यो। उहाँ हिन्दु अभियन्ता पनि हो। त्यो उहाँको व्यक्तिगत स्वतन्त्रता हो। हिन्दु अभियन्ता हाम्रो पार्टीको सदस्य हुन पाउनुहुन्छ। आन्दोलनमा तोडफोड आगजनी र हत्या हिंसामा जानुको सट्टा वार्ता गरौँ भनेर हामीले उहाँलाई वार्ताको टेबलमा ल्यायौँ। के कुनै पार्टीको सदस्य सरकारसँग वार्ता गर्न पाउँदैन ? धर्मप्रतिको आस्था हाम्रा पार्टीका सदस्यहरूले पनि राख्न पाउनुहुन्छ।'

सांसद झाका अनुसार पहिलो चरणको वार्तामा सहभागी हुन नसकेका केही पक्षले असन्तुष्टि जनाएपछि दोस्रो चरणमा थप दुई घण्टा छलफल गरिएको थियो। त्यसक्रममा उनीहरूले थप ६ वटा माग प्रस्तुत गरेका थिए भने केही पुराना माग संशोधनको प्रस्ताव राखेका थिए।

सुरक्षा निकायका अधिकारी र गृहमन्त्री सुदन गुरुङले आवश्यक आश्वासन दिएपछि उनीहरू सन्तुष्ट भएको सांसद झाको दाबी छ।

# ७ परीक्षा केन्द्रमा स्नातकोत्तर तह प्रथम सेमेस्टरको परीक्षा स्थगित

**अपन दैनिक संवाददाता**
**सिरहा, साउन १७ गते**

त्रिभुवन विश्वविद्यालय अन्तर्गत मानविकी तथा सामाजिक शास्त्र संकायको स्नातकोत्तर तह प्रथम सेमेस्टरको परीक्षा स्थगित भएको छ।

डिनको कार्यालयले जारी गरेको सूचना अनुसार सात परीक्षा केन्द्रमा १८ साउनका लागि तोकिएको परीक्षा स्थगित गरिएको हो।

डिनको कार्यालयका अनुसार ११ साउनदेखि देशभरिका विभिन्न परीक्षा केन्द्रमा सञ्चालन भइरहेको परीक्षाका क्रममा पछिल्ला दिनमा देशका केही स्थानमा उत्पन्न असहज परिस्थितिका कारण १८ साउनदेखि सञ्चालन हुने परीक्षा अर्को सूचना प्रकाशित नभएसम्मका लागि स्थगित गरिएको हो।

सप्तरीको महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पस, सप्तरीको नेसनल पिपुल कलेज, सिरहाको रामप्रताप रामप्रसाद तामाङ बहुमुखी क्याम्पस, सिरहाकै जेएस मुरारका क्याम्पस, धनुषाको रामस्वरूप रामसागर बहुमुखी क्याम्पस, पर्साको ठाकुरराम बहुमुखी क्याम्पस र रौतहटको जनज्योति बहुमुखी क्याम्पस परीक्षा केन्द्रको परीक्षा स्थगित गरिएको सूचनामा उल्लेख छ।

अन्य परीक्षा केन्द्रमा भने परीक्षा पूर्ववत तोकिएको कार्यतालिका अनुसार सञ्चालन हुने सूचनामा उल्लेख छ।

## तराई-मधेशमा ३४ बुँदे सहमति, .............

गरी छुट्टाछुट्टै चरणमा ३४ बुँदे सहमति भएका छन्। जसमा कप्तानगञ्जमा गोली लागेर ज्यान गुमाएका स्थानीय ओमप्रकाश मेहता र जयप्रकाश मेहताको परिवारलाई १० लाख राहत, सहिद घोषणाको प्रक्रिया अघि बढाउने, परिवारका एक सदस्यलाई रोजगारी र स्थानीय मदरसाहरूको कानुनी हैसियत छानबिन गर्ने लगायतका सहमति भएको छ।

त्यस्तै, सिरहाको गोलबजारमा भएको प्रदर्शनका क्रममा ज्यान गुमाएका गणेश यादवको परिवारलाई राहत, भाइबहिनीको निःशुल्क शिक्षा र स्वास्थ्यको ग्यारेन्टी तथा घटनाको निष्पक्ष छानबिनको समिति भएको छ। शान्ति सुरक्षा कायम गर्नेसम्बन्धमा आन्दोलनरत संयुक्त हिन्दु मोर्चा र हिन्दु सम्राट लगायत स्थानीय विभिन्न पक्षसँग १३ बुँदे सहमति सहमति भएको छ।

लगातार वार्ता र सहमतिपछि जनजीवन सामान्यतर्फ फर्किएसँगै सहमति कार्यान्वयनमा सरकारी पहलहरूमा ध्यान केन्द्रित हुन थालेको छ। शान्ति स्थापनाको लागि सहमति गर्ने तर कार्यान्वयनमा पन्छिने विगत रहेको सन्दर्भमा वर्तमान सरकार आफूले गरेका सहमतिप्रति कति जिम्मेवार ढंगले प्रस्तुत हुन्छ भन्ने चासोको विषय बनेको छ।


